नगरसभाका अध्यक्ष महोदय,
नगरसभाका सदस्यज्यूहरु

१. नेपालको संविधानको धारा २३० र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम बागलुङ नगरपालिकाको उपप्रमुखको हैसियतले यस सम्मानित नगरसभाको बैठकमा आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तुत बजेटलाई यस नगरपालिकाको दिगो पूर्वाधार विकास, रोजगारी तथा आय आर्जन अभिवृद्धि, बालमैत्री स्थानीय शासन, समावेशिता र सुशासनको आधार स्तम्भको बजेटको रुपमा प्रस्तुत गरेको छु।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, दश वर्षे जनयुद्ध, राजनीतिक क्रान्ति एवं सङ्घर्षलाई स्मरण गर्न चाहन्छु। यस अवसरमा जनअधिकार, राजनीतिक परिवर्तन र राष्ट्रका लागि अमूल्य जीवन बलिदान गर्ने सहिदहरुप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

३. यस बागलुङ नगरपालिकाको जग स्थापनामा महत्वपूर्ण योगदान गर्नु हुने संस्थापक नगरप्रमुख ऋषिराम शर्मा सहितका अग्रज नेतृत्वहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

४. यस महत्वपूर्ण अवसरमा स्थानीय तहको निर्वाचन २०७९ मार्फत हामीलाई अमूल्य मत प्रदान गरी आफ्नो प्रतिनिधिको रुपमा नगरपालिकाको नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण बागलुङ नगरवासी आमा-बुवा, दाजु-भाइ, दिदी-वहिनीहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। साथै आदरणीय मतदाताले आफ्नो मतमार्फत प्रदान गर्नु भएको महत्वपूर्ण जिम्मेवारीलाई ठोस योजनाका साथ उच्चमनोबल, क्रियाशीलता, नैतिकता र निष्ठापूर्वक पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

५. स्थानीय आवश्यकता, नगरवासीका चाहना र संविधानले निर्देश गरेको संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय, सहकार्यको सिद्धान्त, स्थानीय तहको अधिकार सूची, नेपाल राष्ट्रले लिएको उद्देश्य,नगरपालिकाको समग्र विकास र समृद्धिको आकाङक्षा पूरा गर्न बजेट केन्द्रित गरेको छु।

६. कोभिड-१९ को महामारीको प्रभाव स्वरुप शिथिल भएको स्थानीय अर्थतन्त्र, स्थानीय जनताका बहुपक्षीय आकाङक्षा एवं क्रियाशीलता र जनताप्रति उत्तरदायी नेतृत्वको उत्कृष्ट चाहना बीच हामीले बागलुङ नगरको नेतृत्व गर्ने गहन जिम्मेवारी पाएको छौं। नगरपालिका सामु स्थानीय आर्थिक, सामाजिक, भौतिक पूर्वाधार विकास, नगरवासीको रोजगारी सिर्जना, व्यापार व्यवसायको पुनरुत्थान, सबै वर्ग, क्षेत्र, लिङ्ग, जाति र समृद्धिका लागि काम गर्ने मुख्य जिम्मेवारी नगरवासीबाट प्राप्त गरेका छौं। नगरवासीहरुले हामीलाई दिएको जिम्मेवारी पुरा गर्न बागलुङ नगरपालिकाको सिङ्गो नेतृत्व पूर्ण रुपमा प्रतिबद्ध रहेको छ।

७. त्यसै गरी हामी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधारस्तम्भको रुपमा रहेको स्थानीय सरकारको रुपमा संविधान र कानुनले दिएको जिम्मेवारी र जनताको विश्वास पूरा गर्न प्रतिबद्ध छौ।

८. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, पन्ध्रौ योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, गण्डकी प्रदेश सरकारको आवधिक योजना र नीति तथा कार्यक्रम, बागलुङ नगरपालिकाको विनियोजन विधेयक २०७९ को सिद्धान्त र प्राथमिकता,

स्थानीय विज्ञ, विषय क्षेत्रका व्यक्तित्व, नागरिक समाज सरोकारवाला सहित आमनगरवासीका सुझावलाई आधार बनाएको छु । साथै यस सम्मानित नगर सभा समक्ष नगर प्रमुखबाट प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रमलाई मुख्य आधार बनाएको छु ।

**सभाध्यक्ष महोदय**

**सभासदस्यज्यूहरु**

९. अब म यस बागलुङ नगरपालिकाको चालु आर्थिक वर्षको स्थानीय आर्थिक गतिविधि र बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१०. कोभिड-१९ को प्रभाव स्वरुप बिथोलिएको व्यापार व्यवसाय, पर्यटकीय गतिविधि लयमा फर्किदै गरेको अवस्था छ । कोभिड महामारी पश्चात्को पुनरुत्थानले गति लिन थालेको स्थानीय आर्थिक गतिविधि र विकास निर्माणको गतिमा विश्व बजारमा इन्धन लगायतका बस्तुहरुको अस्वाभाविक मूल्य वृद्धिले थप चुनौतिपूर्ण बनेको छ ।

११. आर्थिक वर्ष २०७८/०७९ मा नगरपालिकाले कुल १,१८,६८,३९,०००।- (एक अरब अठार करोड अठ्सठी लाख उनान्चालीस हजार) को बजेट स्वीकृत गरेकोमा २०७९ जेष्ठ मसान्त सम्म पुँजीगततर्फ रु १५,७९,२२,८१९।१६ (पन्ध्र करोड उनासी लाख बाइस हजार आठ सय उन्नाईस रुपैयाँ र सोह्र पैसा)अर्थात् विनियोजनको ३३.२७ प्रतिशत, चालुतर्फ रु ४६,०२,२६,८९२।०२ (छयालीस करोड दुई लाख छब्बिस हजार आठ सय बयानब्बे रुपैया दुई पैसा)अर्थात् विनियोजन रकमको ६५.२६ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु ३४,९२,९३८।४४ (चौतीस लाख बयानब्बे हजार नौ सय अठ्तीस रुपैया चौवालिस पैसा) अर्थात् विनियोजन रकमको ४९.९० प्रतिशत वित्तीय प्रगति हासिल भएको छ ।

१२. नगरपालिकाको स्वीकृत योजना तथा कार्यक्रम मध्ये १५० वटा योजना सम्झौता नै भएका छैनन् । सम्झौता भएका योजना मध्ये अधिकाश योजना अन्तिम समयमा हतारोमा सम्पन्न गर्ने प्रवृत्ति कायमै छ ।

१३. नगरपालिकाभित्र चालु आ.ब.मा १५ शैयाको नगर अस्पताल, जल्केनी भैरवस्थान सडक स्तरोन्नति, जेष्ठ नागरिक भवन निर्माण, दावगरा बसपार्क निर्माण, मूलपानी स्वास्थ्य चौकी, वडा नं. ७ को कार्यालय भवन निर्माण, रिट्ठेखोला पक्की पुल, रिट्ठेखोला र कालाखोला झोलुङ्गे पुल, धारापानी साँध खोला सडक स्तरोन्नति योजना जस्ता ठुला पूर्वाधार निर्माणका क्रममा रहेका छन् ।

१४. बाङ्गेचौर खेलकुद रङगशाला, मालिका वन्यजन्तु पार्क कानुनी अड्चनका कारण कार्यान्वयनमा जान सकेका छैनन् ।

१५. औद्योगिक ग्राम, दावगरा बसपार्क, दम्काफाँट सिँचाइ योजना, रात्माटा सभाहल, रुम्टा सार्वजनिक शौचालय लगायतका योजनाहरुमा प्रक्रियागत एवं कानुनी प्रश्न उठेका छन् ।

१६. आर्थिक वर्ष २०७९।०८० आन्तरिक स्रोततर्फ रु ८,४०,२०,०००।- (आठ करोड चालीस लाख वीस हजार) राजश्व अनुमान गरिएकोमा २०७९ जेष्ठ मसान्तसम्म रु ४,५५,१०,५१६।६९(चार करोड पचपन्न लाख दश हजार पाँच सय सोह्र रुपैयाँ र उनान्साठी पैसा) अर्थात् लक्ष्यको तुलनामा ५४.१७ प्रतिशत सङकलन भएको छ ।

१७. नगरविकास कोषबाट बागलुङ्ग बसपार्क निर्माणको लागि रु ७,६०,७५,९१५।- (सात करोड साठी लाख पचहत्तर हजार नौ सय पन्ध्र) र सडक स्तरोन्नतिको लागि रु ३,९९,३७,१६६।४५ (तीन करोड उनान्सय लाख सठ्तीस हजार एक सय छैसठ्ठी रुपैया पैतालीस पैसा) गरी रु ११,६०,१३,०८१।४५ (एघार करोड साठी लाख तेह्र हजार एकासी रुपैया पैतालीस पैसा) ऋण परिचालन गरिएको छ ।

**सभाध्यक्ष महोदय**

**सभा सदस्यज्यूहरु,**

१८. अब म यस बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

"***दिगो पूर्वाधार विकास र रोजगारी : समावेशी, आत्मनिर्भर र समृद्ध बागलुङ नगरी*** " भन्ने ध्येयका साथ प्रस्तुत बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

(क) दीगो, सन्तुलित, नमुना पूर्वाधार विकासको आधार तयार गर्ने ।

(ख) उद्यमशीलता विकास तथा स्वरोजगारी सिर्जना गर्ने ।

(ग) समावेशी विकास हासिल गर्ने ।

(घ) आर्थिक सामाजिक विकास गर्ने ।

१९. बजेटका प्राथमिकताहरु निम्नानुसार तय गरेको छु -

(क) नगरपालिकाको विकास र समृद्धिमा सार्वजनिक नीजि र सहकारी क्षेत्रको साझेदारी ।

(ख) बालमैत्री स्थानीय शासनको स्थापना ।

(ग) कृषि क्षेत्रको व्यवसायीकरण, विविधीकरण र यान्त्रिकीकरण ।

(घ) पर्यटन पूर्वाधार निर्माण एवं प्रचार प्रसार ।

(ङ) उद्यमशीलता विकास तथा स्वरोजगारी ।

(च) वातावरण संरक्षण र फोहोर व्यवस्थापन ।

(छ) अनुसन्धान र विकास ।

**सभाध्यक्ष महोदय**

**सभा सदस्यज्यूहरु**

२०. अब म यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्याक्रम, प्रस्तुत बजेटका उद्देश्य र प्राथमिकता बमोजिमका क्षेत्रगत कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२१. कृषि क्षेत्रको व्यवसायीकरण, विविधीकरण र यान्त्रिकीकरण, उच्च बजार मूल्य भएका कृषि उपज प्रवर्द्धन, कृषक तथा कृषि समूहको प्रोत्साहन तथा पुरस्कार र रायडाँडा कृषि विशेष कार्यक्रम समेत गरी कृषितर्फ रु ५२,५०,०००।-(बाउन्न लाख पचास हजार) विनियोजन गरेको छु ।

२२. पशुपालन व्यवसाय प्रवर्द्धन, कृषि तथा पशु मेला, कृषि तथा पशु विमा, माछा मासु विक्री केन्द्र सुधार लगायतका कार्यक्रमका लागि रु २१,५०,०००।- (एक्काइस लाख पचास हजार) विनियोजन गरेको छु ।

२३. स्थानीय अर्थतन्त्रको विकास साझेदार संस्थाको रुपमा रहेको सहकारी क्षेत्रको प्रवर्द्धन, नियमन र समन्वय लगायतका कार्यका लागि रु १०,००,०००।- (दश लाख) विनियोजन गरेको छु ।

२४. धार्मिक तथा पर्यापर्यटन पूर्वाधार निर्माण, प्रचारप्रसार लगायत नगर उप-प्रमुख पर्यटन विकास कार्यक्रम र होमस्टे प्रवर्द्धन, कोशेली घर स्थापना, हनुमान नाच, चैत्राष्टमी मेला, भैरवस्थान घरेलु

मेला व्यवस्थापन, पौराणिक संस्कृति संरक्षण र संवर्धन लगायतका पर्यटन विकास कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । बागलुङ बजारको उपयुक्त स्थानमा विशेष सुविधा सहितको उप-प्रमुख नमुना बजार सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२५. नगरप्रमुख उद्यमशीलता विकास कार्यक्रम र श्रम बैंक स्थापना तथा सञ्चालनका लागि रु ४१,००,०००।- (एकचालीस लाख) विनियोजन गरेको छु ।

२६. शैक्षिक पूर्वाधार, शैक्षिक गुणस्तर वृद्धि, समावेशी शिक्षा, रोष्टर घुम्ती  शिक्षक परिचालन लगायतका शैक्षिक कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२७. आधारभूत तहमा खेलकुदको विकास, खेलकुद प्रतियोगिता, खेलाडी तथा प्रशिक्षक प्रोत्साहन तथा पुरस्कार लगायतका कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२८. वडास्तरीय तथा नगरस्तरीय युवा सञ्जाल गठनको लागि रु १५०,०००।- (एक लाख पचास हजार) विनियोजन गरेको छु ।

२९. स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार निर्माण, स्वास्थ्यकर्मीको क्षमता विकास, निशुल्क औषधि वितरण, मोवाइल सेवा, आयुर्वेद स्वास्थ्य कार्यक्रम लगायत स्वास्थ्य कार्यक्रमतर्फ आवश्यक रकम विनियोजन गरेको छु ।

३०. स्वास्थ्य संस्थामा सुत्केरी गराउने सुत्केरी आमाहरुको पोषण सुरक्षा गर्न सुत्केरी पोषण भत्ताका लागि रु ५,००,०००।- (पाँच लाख) विनियोजन गरेको छु ।

३१. नगरप्रमुख विपन्न नागरिक स्वास्थ्य सहायता कोष र नगर उप-प्रमुख स्वास्थ्य वीमा कोषको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३२. विद्यालय नर्सिङ सेवा विस्तार र प्रोत्साहनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३३. बागलुङ नगर अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३४. धौलागिरी अञ्चल अस्पतालमा हरि खड्का ट्रमा सेन्टर स्थापनाका लागि रु २०,००,०००।- (वीस लाख) विनियोजन गरेको छु ।

३५. एक वडा एक नमुना पूर्वाधार विकास कार्यक्रम सञ्चालनका लागि रु ७,००,००,०००।- (सात करोड) विनियोजन गरेको छु ।

३६. वडास्तरीय योजना तथा कार्यक्रमका लागि भूगोल, जनसङख्या, पूर्वाधार विकासको आवश्यकता लगायतका आधारमा सूत्र निर्धारण गरी रु ८,७४,७५०००।- (आठ करोड चौहत्तर लाख पचहत्तर हजार) विनियोजन गरेको छु ।

३७. वडा विशेष योजनाको लागि प्रति वडा १०,००,०००।- (दश लाख) का दरले रु १,४०,००,०००।-(एक करोड चालीस लाख) विनियोजन गरेको छु ।

३८. स्मार्ट शौचालय निर्माण साझेदारी कार्यक्रमका लागि रु. २५०००००।- (पच्चीस लाख) विनियोजन गरेको छु ।

३९. समपूरक योजना र सडक बोर्ड साझेदारी कार्यक्रम समेतको लागि रु २,५०,००,०००।- (दुई करोड पचास लाख) विनियोजन गरेको छु ।

४०. निर्मित सार्वजनिक निर्माणको मर्मत सम्भार कोषको लागि रु १०००,०००।- (दश लाख) विनियोजन गरेको छु । उपभोक्ता समिति वा टोल विकास संस्था मार्फत निर्मित संरचनाको सञ्चालन, मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति वा टोल विकास संस्था मार्फत हुने व्यवस्था मिलाएको छु । बोलपत्र तथा उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुको गुणस्तर कायम गर्ने प्रमुख जिम्मेवारी निर्माण व्यवसायी, उपभोक्ता समिति स्वयम् र सम्बन्धित प्राविधिक जिम्मेवार हुने गरी व्यवस्था मिलाएको छु । आगामी आ.व. का स्वीकृत योजनाहरु २०७९ साल मङसिर मसान्तभित्र सम्झौता वा खरिद प्रक्रियामा नगएमा त्यस्ता आयोजनाहरु समर्पण गरी हिउँदे अधिवेशनबाट नयाँ योजना कार्यान्वयन प्रस्ताव गर्ने गरी व्यवस्था गरेको छु । विकास निर्माणमा महिला नेतृत्वलाई प्रोत्साहन गर्न महिला अध्यक्ष रहने उपभोक्ता समिति वा टोल विकास समितिलाई १० प्रतिशत मात्र जनसहभागिता कायम गर्ने व्यवस्था मिलाएको छु ।

४१. क्रमागत योजनाहरुको लागि १,२५,००,०००।-(एक करोड पच्चीस लाख)विनियोजन गरेको छु ।

४२. नक्सापास प्रयोजनको लागि भू-बनोटको अध्ययन र माटो परीक्षणको लागि रु. १०,००,०००।-(दश लाख) विनियोजन गरेको छु ।

४३. परम्परागत गोल घर र शताब्दी पूरा गरेका घरहरुको मौलिक स्वरुपमा संरक्षण र संवर्धन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

४४. बागलुङमा आउने विशिष्ट अतिथिहरुको लागि बागलुङ अतिथि गृह व्यवस्थापन र सञ्चालनका लागि रु १०,००,०००। (दश लाख) विनियोजन गरेको छु ।

४५. बागलुङ बजार क्षेत्रको सतह नाली सरसफाइ र ग्रामीण क्षेत्रको सडक तथा नालीको नियमित मर्मत सम्भारका लागि जनशक्ति परिचालन गर्न रु २००००००।- (बीस लाख) विनियोजन गरेको छु ।

४६. नगरक्षेत्रको खानेपानी व्यवस्थापन, एक घर एक धारा कार्यक्रम, खानेपानीको गुणस्तर सुधार लगायतका कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४७. बागलुङ जिल्ला तथा छिमेकी जिल्लाका पालिकाहरुको समन्वय बैठकको लागि रु ३०००००।- (तीन लाख) विनियोजन गरेको छु ।

४८. राष्ट्रिय तथा अन्तराष्ट्रिय भगिनी सम्बन्ध विस्तारका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४९. वित्तीय संघसंस्था र सहकारी समेतको साझेदारीमा नगरपालिका भरि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५०. टोल विकास संस्थाको गठन तथा क्षमता विकासको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५१. सञ्चार क्षेत्रको संस्थागत विकास, सञ्चारकर्मीसंग नियमित अन्तरक्रिया लगायत सूचना तथा सञ्चार क्षेत्रका कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५२. जनप्रतिनिधि र नगरवासी बीच सम्बन्ध, सम्पर्क र अन्तरक्रियालाई व्यवस्थित गर्न सञ्चालन गरिने ***जनतासंग नगरप्रमुख*** कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५३. नगरपालिकाको आवधिक योजना निर्माण, नगर प्रोफाइल निर्माण, पर्यटन विकास गुरु योजना निर्माण, वृहत् कालीगण्डकी सभ्यता पर्यटन विकास गुरु योजना निर्माण समन्वय समेतको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५४. नगरपालिकाबाट हुने योजना सम्झौता, अपाङ्ग परिचय पत्र, पशु तथा कृषि परामर्श, माटो परीक्षण, स्वास्थ्य जाँच, पशु स्वास्थ्य सेवा जस्ता सेवालाई वडा तहमा उपलब्ध गराउन घुम्ती सेवा शिविर कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५५. नगरपालिकाको व्यवस्थित कार्यालय व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सेवाग्राहीमैत्री बनाउनको लागि रु १,००,००,०००।- (एक करोड) विनियोजन गरेको छु ।

५६. उपभोक्ता हित संरक्षण, बजार अनुगमन लगायतका कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५७. नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट तथा नगरपालिकाबाट सञ्चालन हुने विभिन्न अभियानहरुको सम्वन्धमा टोल टोलमा अभिमुखीकरण गरी वृहत नागरिक साझेदारी जुटाउन नगर स्वंयमसेवक परिचालन कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५८. वडा कार्यालय नभएका वडा कार्यालयहरुको आवश्यकता क्रमको आधारमा क्रमैसंग निर्माण सम्पन्न गर्ने गरी आगामी आ.व का लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५९. बैंक तथा वित्तीय संस्था निजी व्यवसायिक संघ संस्था र सामाजिक संघ संस्था समेतको लागत साझेदारीमा ***एक संस्था एक पार्क निर्माण*** कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६०. विपद् व्यवस्थापन कोष, वारुणयन्त्र सञ्चालन, विपद् व्यवस्थापन नमुना अभ्यास समेतका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६१. नगरक्षेत्र भित्रका परम्परागत चौतारी, पोखरी संरक्षण र मर्मत सम्भारका कार्य क्रमैसंग सञ्चालन गर्ने गरी आवश्यक रकम विनियोजन गरेको छु ।

६२. नगरक्षेत्र भित्र रहेका सार्वजनिक जग्गाको पहिचान, सीमाङ्कन, नक्साङ्कन र अभिलेखीकरणका कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

६३. आवश्यक पूर्वतयारी र सम्पूर्ण सूचक पुरा गरी आगामी आ.ब.भित्र बालमैत्री नगरपालिका घोषणा गर्न पर्याप्त रकम विनियोजन गरेको छु ।

६४. ***समाजको शान, जेष्ठ नागरिकको सम्मान*** भन्ने नारा सहित जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन र जेष्ठ नागरिक तिर्थाटनका लागि ***वडा अध्यक्ष श्रवण कुमार कार्यक्रमको*** लागि रु १०,०००००।- (दश लाख) विनियोजन गरेको छु ।

६५. जनजातीहरुको मौलिक संस्कृति, परम्परा भेषभुसाको संरक्षण र संम्वर्धनको लागि जनजाति संग्राहलय निर्माणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६६. अपाङ्गता सम्वन्धी संस्थाहरुको कार्यालय व्यवस्थापन, अपाङ्गता सहायता सामग्री वितरण, दोभासे तालीम लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

६७. महिला तथा लक्षित समुदायको क्षमता विकास, आयआर्जन अभिवृद्धि र विकासमा जनसहभागिता अभिवृद्धि कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६८. बालबालिकाहरुमा देखिएको डिजिटल कुलत हटाउन बाल क्लब मार्फत घर घरमा डिजिटल कुलत विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

६९. घरेलु हिंसा, लैङ्गिक तथा यौनिक हिंसा, बाल हिंसा, जेष्ठ नागरिक हिंसा विरुद्धको सचेतनात्मक कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७०. ***"समय मै कर तिरौ ,नगर विकासमा सहभागी बनौ "*** भन्ने अभियानका साथ कर सचेतना तथा घरदैलो कार्यक्रमका लागि रु ५००,०००।-(पाँच लाख) विनियोजन गरेको छु ।

७१. मेलमिलाप केन्द्र स्थापना, मेलमिलाप कर्ताको क्षमता विकास, न्यायिक समितिको क्षमता विकास लगायतका कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७२. नगरपालिकामा कार्यरत कर्मचारीहरुको स्वेच्छिक अवकाश योजनामा प्रोत्साहन गर्न VRSकार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७३. सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण लगायतका वित्तीय सुशासनका कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

७४. ***"भोकै कोही पर्दैन, भोकले कोही मर्दैन"*** भन्ने नारा सहित नगर क्षेत्रभित्र रहेका अति विपन्न नागरिकहरुका लागि श्रम बैंक मार्फत रोजगारीको अवसर प्रदान गरिने छ । रोजगारीको अभावमा खाद्यान्नको अभाव हुने वास्तविक नागरिकहरुको लागि खाद्यान्न व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

७५. व्यवसाय दर्ता तथा बार्षिक शुल्क र घरबहाल कर हालसम्म नगरपालिकालाई तिर्न बुझाउन बक्यौता रहेका करदाताहरुले आगामी वर्षको पौष मसान्तसम्ममा कर तिर्न वा नवीकरण गर्न आएमा एक पटकका लागि हालसम्मको जरिवाना बक्यौता रकम मिनाहा हुने व्यवस्था मिलाएको छु । साथै व्यवसाय दर्ता गरी हालसम्म व्यवसाय नै नगरेका करदाताहरुको व्यवसायको लगत लिई लगत कट्टा गर्ने व्यवस्था मिलाएको छु ।

७६. समयमा नै कर बुझाउन प्रोत्साहन गर्नको लागि आगामी आ.व.को असोज मसान्तभित्र कर बुझाउन आएमा लाग्ने दस्तुरको दश प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।

७७. विनियोजनका विस्तृत विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्युहरु,**

७८. अब म आर्थिक वर्ष ०७९/०८० को लागि सञ्चालन गरिने कार्यक्रमहरुका लागि विनियोजन र खर्च गरिने स्रोतहरुको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७९. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको आयतर्फ सङ्घीय समानीकरण अनुदानबाट रू १८,४१,००,०००।- (अठार करोड एकचालीस लाख), सङ्घीय सशर्त अनुदान चालुबाट रू ४८,४८,००,०००।- (अठ्चालीस करोड अठ्चालीस लाख) सङ्घीय सशर्त अनुदान पुँजीगतबाट रू १३,३६,००,०००।- (तेह्र करोड छत्तीस लाख) विशेष अनुदान रू २,२०,००,०००।-(दुई करोड बीस लाख) र संघीय समपूरक अनुदान रु २,८०,००,०००।- (दुई करोड असी लाख), प्रदेश समानीकरण अनुदानबाट रू २,२७,३६,०००।-(दुई करोड सत्ताईस लाख छत्तीस हजार), प्रदेश विशेष अनुदानबाट ५०,००,०००।- (पचास लाख), प्रदेश समपूरक अनुदानबाट रू ५०,००,०००।- (पचास लाख), राजश्व बाँडफाँड अन्तर्गत संघीय सरकारबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तशुल्क गरी रु

१२,६०,०९,०००।- (बाह्र करोड साठी लाख नौ हजार), राजश्व बाँडफाँड अन्तर्गत प्रदेश सरकारबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्त शुल्क समेत गरी रु ३,८९,१०,०००।- (तीन करोड उनानब्बे लाख दश हजार) राजश्व बाँडफाँड रु १७,५०,०००।-(सत्र लाख पचास हजार) नेपाल सरकार रोयल्टी बापत प्राप्त हुने आय रु २१,९७८।- (एक्काईस हजार नौ सय अठहत्तर), आन्तरिक स्रोतबाट रू २५,९२,५२,०२२।- (पच्चीस करोड बयानब्बे लाख बाउन्न हजार बाइस) गरी जम्मा १,३१,११,७९,०००।- (एक अरब एकतीस करोड एघार लाख उनासी हजार) अनुमान गरेको छु ।

८०. आगामी आर्थिक वर्षको विनियोजन अन्तर्गत चालु तर्फ ८४,५२,१२,५००।- (चौरासी करोड बाउन्न लाख बाह्र हजार पाँच सय) पुंजीगत तर्फ ४५,३७,२२,५००।- (पैचालीस करोड सठ्तीस लाख बाइस हजार पाँच सय) र वित्तीय व्यवस्थातर्फ १,२२,४४,०००।- (एक करोड बाइस लाख चौवालीस हजार) गरी जम्मा १,३१,११,७९,०००।- (एक अरब एकतीस करोड एघार लाख उनासी हजार) अनुमान गरेको छु ।

अत्यमा यस बजेट तर्जुमा कार्यमा महत्वपूर्ण मार्गदर्शन गर्नु हुने नगर प्रमुखज्यु, विषयगत समितिका संयोजकहरु, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । त्यसै गरी बजेट तर्जुमाको लागि सुझाव प्रदान गर्नु हुने राजनीतिक दल, बागलुङ नगरपालिकाका निवर्तमान जनप्रतिनिधिहरु, विषयगत कार्यालयका प्रमुखज्यूहरु, बागलुङ उद्योग वाणिज्य संघ लगायतका संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, सहकारी अभियन्ताहरु, गैह्र सरकारी संघ संस्थाहरुका प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार लगायत सम्पूर्ण आदरणीय दाजुभाइ दिदी-वहिनी, आमाबुबाहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । बजेट बक्तव्य लेखनमा सहयोग पुऱ्याउनु हुने प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुप्रति धन्यवाद व्यक्त गर्दछु ।

**जय बागलुङ !**

(राजु खड्का)
नगर उप-प्रमुख

मिति : २०७९।३।१० गते